# तामाकोशी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
जफे, दोलखा, बागमती प्रदेश, नेपाल

**श्रमिक कल्याण कोषमा आवद्ध हुन आवेदन पेश गर्ने सम्बन्धी सूचना।**

सूचना प्रकाशित मिति: २०८२।०१।११

तामाकोशी गाउँपालिकाको श्रमिक कल्याण कोष ऐन, २०८१ तथा श्रमिक कल्याण कोष सञ्चालन कार्यविधि, २०८१ बमोजिम तपसिल अनुसार तामाकोशी गाउँपालिकामा स्थापना हुने श्रमिक कल्याण कोष मार्फत गाउँपालिकामा क्रियाशिल ज्याला मजदुरी गरी जिवीकोपार्जन गर्दै आएका विपन्न वर्गको श्रमको उचित व्यवस्थापन तथा मजदुरहरुलाई संगठित गरी श्रमिकलाई सामाजिक सुरक्षामा केन्द्रित गर्ने मुख्य उदेश्य रहेको यस कार्यक्रम सञ्चालनका लागि यस गाउँपालिका क्षेत्र भित्रका देहाय बमोजिमको योग्यता पुगेका इच्छुक श्रमिक व्यक्तिहरुले तपसिलका कागजातहरु सहित **यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र** कार्यालय समयमा सम्बन्धित वडा कार्यालयमा आवेदन पेश गर्न हुन सम्बधित सबैमा जानकारिका लागि यो सुचना प्रकाशित गरिएको छ।
साथै पेश हुन आएका निवेदनहरु उपर सम्बन्धित वडा समितिले आवश्यक छानवीन गरी कार्यविधिको दफा ३ उपदफा (१) बमोजिमको वडा समन्वय समितिले ऐनको दफा ६ बमोजिमको मापदण्ड, दफा ८ बमोजिमको प्राथमिकता तथा कार्यविधिको दफा ५ बमोजिम हुनेगरी तोकिएबमोजिमका श्रमिकहरुको नामावली आवेदन प्राप्त मितिले ७ दिन भित्र गाउँ कार्यपालिकाको कार्यालयमा छनौट गरी सिफारिस सहित पठाउनुपर्ने छ।

**तपसिल**

**क) कोषमा सहभागी हुनसक्ने श्रमिकहरु:**

१. आरानमा काम गर्ने श्रमिक
२. वाजा वजाउने श्रमिक
३. छालाजुताको काम गर्ने श्रमिक
४. सिकर्मी डकर्मिको पेशामा संलग्न श्रमिक
५. सडक मर्मत गर्ने श्रमिक
६. अति विपन्न कृषक
७. यस्तै प्रकृतिका विभिन्न पेशा वा सीप व्यवसायमा संलग्न श्रमिक

**ख) प्रस्तावक श्रमिकहरुको योग्यता:**

१. सम्बन्धित वडाको स्थायी बासिन्दा,
२. कुनै सरकारी गैरसरकारी संघसस्था वा निकायमा वा अन्तर्राष्ट्रिय रोजगारमा नरहेको, कुनै निकायबाट पेन्सन प्राप्त नगरेको,
३. २५ वर्ष पुरा भई ४५ वर्ष उमेर ननाघेको,
४. छ महिना भन्दा बढी समयदेखि गाउँमै बसोबास गरिरहेको,
५. विपन्न दलित, एकल महिला, सीप भएका व्यक्ति, दैनिक ज्याला गर्ने व्यक्ति, सीमान्तकृत, अल्पसङ्ख्यक समूदाय अन्तर्गत पर्ने व्यक्ति,
६. एक परिवारबाट एक व्यक्तिले मात्र कार्यक्रममा आवेदन दिनसक्ने।

**ग) संलग्न गर्नुपर्ने कागजातहरु:**

१. रीतपूर्वक भरिएको कार्यविधिको अनुसूची १ अनुसारको ढाँचामा सम्बन्धित व्यक्तिको आवद्धता फाराम (खण्ड क-छ भरिएको हुनुपर्ने)
२. नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्रको प्रतिलिपी
३. पासपोर्ट साइजको फोटो ३ प्रति

**घ) कार्यक्रम सञ्चालन प्रक्रिया:** सम्बन्धित वडाबाट सिफारिस भई आउने श्रमिकहरुका सम्बन्धमा कोष सञ्चालक समिति र गाउँ कार्यपालिकाद्वारा आवश्यक निर्णय भए पश्चात कार्यक्रम सञ्चालन हुनेछ। अन्य शर्तहरु गाउँपालिकाले तोकेबमोजिम हुनेछ।

***कोषमा आवद्ध हुने श्रमिकलाई गाउँपालिकाबाट मासिक रु. ५००/- जम्मा गरिनेछ र आवद्ध हुने श्रमिकले कम्तीमा रु. ५००/- जम्मा गर्नुपर्नेछ।***

थप जानकारीका लागि सम्पर्क ९८५१२०५६८४ (सूचना प्रविधि अधिकृत: पवनराज फुयाल)

प्रमुख प्रशासकीय अधिकृत

तामाकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जफे,दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

# अनुसूची-१

(कार्यविधीको नियम १२ (क) सँग सम्बन्धित)

**तामाकोशी गाउँपालिका**

## गाउँ कार्यपालिकाको कार्यालय

## जफे, दोलखा

### श्रमिक कल्याण कोष आवद्धता फाराम

**श्री तामाकोशी गाउँ कार्यपालिकाको कार्यालय**

**जफे, दोलखा ।**

तामाकोशी गाउँ कार्यपालिकाले अगाडी सारेको श्रमिकहरुको हित, भविष्यको साहारा, जिवन रक्षा गर्ने र वचत गर्ने वानीको विकास मार्फत गरिवी निवारणका लागि गाउँ कार्यपालिकाले अगाडी सारेको श्रमिक कल्याण कोषमा आवद्ध हुन यो निवेदन पेश गरेको छु । गाउँपालिकाको ऐन, कानून, कार्यविधि र कार्यपालिकाको निर्णय पालना गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

**(क) निवेदकको विवरण :**

| | | |
|---|---|---|
| निवेदकको नाम थर | | पेशा : |
| स्थायी ठेगाना | दोलखा जिल्ला तामाकोशी गाउँपालिका वडा नं : टोल : | |
| वावुको नाम, थर | | पेशा : |
| वाजेको नाम, थर | | पेशा : |
| आमाको नाम, थर | | पेशा : |
| पति/पत्नीको नाम | | पेशा : |
| छोरा | | पेशा : |
| छोरी | | पेशा : |
| वुहारी | | पेशा : |
| आवेदकको जन्ममिति | | उमेर : |
| सम्पर्क नं. | | |

**ख) रोजगारी, सीप, श्रम र कोषमा जम्मा गर्ने रकमको विवरण**

| | | | | |
|---|---|---|---|---|
| मासिक तलव पाउने रोजगार | रोजगार दिने संस्था | | मासिक तलव | |

तामाकोशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जफे, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

| | | | |
|---|---|---|---|
| दैनिक ज्यालामा गर्ने काम | | | |
| लिएको तालिम तथा सीप | | | |
| दैनिक ज्याला कति लिइन्छ | | महिनामा सरदर कति दिन काम पाइन्छ | |
| कोषमा दैनिक कति वचाउने | | कोषमा हरेक महिना वचाउने रकम | |

**ग) स्वघोषणा :**

हाम्रो परिवारमा कुनै पनि स्थायी रोजगार, पेन्सन छैन, हाम्रो परिवार अति न्युन आयश्रोत भएको गरिव परिवार हो, म कुनै वैदेशिक रोजगार र स्थायी रोजगार नभएको स्वघोषणा गर्दछु ।

| दायाँ | वाँया |
|---|---|
| | |

निवेदकको दस्तखत : ..............................

**घ) सम्बन्धित वडावासी मध्ये कुनै ३ जनाको सिफारिस :**

निवेदक यस टोलवासी हुन । निजको घरपरिवारमा कुनै स्थायी रोजगार छैन । आर्थिक अवस्था अति न्युन आयश्रोत भएको घर परिवार हो । नियमित ज्याला मजदुरी ........................ गर्दछ ।

......................

१. सिफारिस गर्नेको नामथर ठेगाना : ना.प्र.नं.: दस्तखत:

२. सिफारिस गर्नेको नामथर ठेगाना : ना.प्र.नं.: दस्तखत:

३. सिफारिस गर्नेको नामथर ठेगाना : ना.प्र.नं.: दस्तखत:

**ङ) वडा सचिवले भर्ने :**

यस वडा निवासी .................................................... को तपशिलको विवरण भएको सिफारिस गरिन्छ ।

१) पेशा :

तामाकोशी गाउँपा
गाउँ कार्यपालिकाको
जफे, दोलखा
बागमती प्रदेश, नेपा
२०७३

२) आर्थिक अवस्था :

३) घरमा रोजगारको अवस्था :

४) जग्गा जमिन : खेत रोपनी ..................... वारी रोपनी...........

५) घरको वनोट : पक्की कच्ची घर नभएको

६) अन्य केहि भएमा :

**च) वडा सचिवको राय :**

यस वडाका श्री ................................................... श्रमिक कल्याण कोषमा आवद्ध भै सेवा लिन तामाकोशी गाउँपालिकाको श्रमिक कल्याण कोष कार्यविधि २०८१ अनुसार उपयुक्त छ ।

क) गाउँको अभिलेखमा निजको आर्थिक अवस्था अति निम्न/निम्न/मध्यम रहेको छ ।

ख) निजको दैनिक रु. मासिक रु. वचतलाई कोषमा जम्मा गर्न अनुमती दिने राय पेश गर्दछु ।

..................

वडा सचिव

**छ) वडा समितिको निर्णय :**

वडा समितिको मिति : को निर्णय अनुसार निजलाई श्रमिक कल्याण कोषमा आवद्धताको लागि सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

..................

वडाध्यक्ष

नाम :

वडा सचिव

नाम :

वडा कार्यालयमा दर्ता फाराम नं. :